नेपालसरकार
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
(अग्नी नियन्त्रण तथा विपद् व्यवस्थापन शाखा)
फोनः०१–४२००५३१
www.mofald.gov.np
Email: fcdmmofald123@gmail.com
सिंहदरबार, काठमाण्डौ।

प.सं.:-२०७४/७५
च.नं.:-०९४

मिति २०७४।०४।३१

श्री नगरपालिका तथा गाँउपालिका,
(बाढी, डुवान तथा पहिरो प्रभावित, सबै)।

बिषयः- खोज, उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउने सम्वन्धमा।

प्रस्तुत बिषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.न. स.आ.पु. ६१४ मिति २०७४।०४।२२ गतेको पत्र मार्फत विगत केहि दिनदेखि परिरहेको भिषण बर्षाका कारण मुलुकका तराई, भित्री मधेश, पहाड लगायत विभिन्न भागहरुमा बाढी, डुबान तथा पहिरोका कारण व्यापक रुपमा धनजनको क्षती भएको र खोज, उद्धार, स्थानान्तरण तथा राहत कार्यलाई तत्काल प्रभावकारी बनाई थप धनजनको क्षती हुनबाट रोक्न सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७४।०४।२८ गते बालुवाटारमा बसेको बैठकबाट निर्देशन दिनुका साथै विशेष आव्हान समेत गर्नु भए बमोजिम यस मन्त्रालयबाट सम्पादन गर्ने कार्य गृह मन्त्रालयको समन्वयमा तत्काल र प्रभावकारी रुपमा सम्पन्न गर्न तथा जिल्ला स्तरमा जिल्ला दैवी प्रकोप उद्धार समितिको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा उद्धार तथा राहत कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न मातहत निकायलाई निर्देशन हुन समेत अनुरोध भई आए बमोजिम बाढी, डुवान तथा पहिरो प्रभावितक्षेत्रमा खोज, उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन अनुरोध छ।

२०७४।४।३२

अमरदिप सुनुवार
शाखा अधिकृत

**बोधार्थ**
१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौ।
२. सूचना तथा विद्युतिय शासन शाखाः- यसै बमोजिमको पत्र वेभसाईटमा राखीदिनु हुन।